प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**बागमती प्रदेश कार्यालय**
हेटौंडा-११, मकवानपुर।

सम्पर्क मो नं. ९८५५०३४९९१
स्थायी लेखा नं.२०१२९९३५३

प.सं.:२०८०।०८१
च.नं.:

मिति २०८०।१०।१२

## विषयः राजश्वमा जम्मा भएको रकम फिर्ता तथा समायोजन नहुने सम्वन्धी सूचना।

यस कार्यालयवाट सेवा लिने प्रयोजनको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का विभिन्न महाशाखाहरु, राष्ट्रिय सीप परीक्षण समिति,परीक्षा नियन्त्रण कार्यालय तथा विभिन्न सरकारी निकाय र यस कार्यालयको सूचना अनुसार तोकिएको निर्धारित सेवाशुल्क(आवेदन शुल्क,विज्ञापन शुल्क, रजिष्ट्रेशन शुल्क ,सीप परीक्षण शुल्क लगायतका शुल्क) रकम सेवा लिने सेवाग्राही शिक्षण संस्था ,निजी तालिम प्रदायक संस्था तथा व्यक्तिहरुले तोकिएको मिति र समय भित्र तोकिए अनुसारको शुल्क रकम वुझाउने दायित्व तथा सो को जवाफदेहिता स्वयंको नै हुनु पर्नेछ । पछिल्लो समयमा यस कार्यालयको रा.वा.वैक हेटौडा शाखामा रहेको वैक हि.नं. १३००१००००३६६९००१ मा शुल्क रकम जम्मा गर्दा तोकिएको शुल्क(ITMS मा आउने विल ) भन्दा वढी रकम जम्मा गर्ने र पछि उक्त रकम फिर्ता गर्न अनुरोध तथा दवाव दिने गरेकोले यसरी जम्मा हुन आएको राजश्व रकम फिर्ता तथा समायोजन नहुने व्यहोरा सरोकारवाला सवैको लागि यसै सूचना मार्फत जानकारी गराइन्छ।

निर्देशक

फोन नं.: ०५७-५२४९९१, इमेलः bagmati.ctevt@gmail.com